# लो-घेकर दामोदरकुण्ड गाउँपालिका

# आर्थिक ऐन, २०७७


लो-घेकर दामोदरकुण्ड गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

चराङ, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल



२०७७

# लो घेकर दामोदरकुण्ड गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७७

**प्रस्तावनाः** लो घेकर दामोदरकुण्ड गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा २ बमोजिम लो घेकर दामोदरकुण्ड गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** क) यस ऐनको नाम "आर्थिक ऐन,२०७७" रहेको छ ।

(ख) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि लो घेकर दामोदरकुण्ड गाउँपिलकाक्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** यस गाउँपालिका क्षेत्रभित्र अनुसूचि १ बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)**ः गाउँपालिका क्षेत्रभित्र अनुसूचि २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ । तर संरक्षित क्षेत्रको लागि आकर्षित हुने कानुन बमोजिम हुने कुराहरु सोहि बमोजिम हुनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि ६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

Scanned by TapScanner

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि ९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि १० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि ११ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, अन्य प्रशासनिक सेवा शुल्क र अन्य दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार उपयोग वापतको शुल्क, कार्यालयबाट उपलब्ध गराइएको सेवामा अनूसूचि १२ मा उल्लिखित व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

Scanned by TapScanner

**अनुसूची १ सम्पती कर/घरजग्गा करः संघ प्रदेश तथा गाउँपालिकाले निर्माण गरेको कानुन बमोजिम**

**अनुसूची २** भूमी कर

| राजस्व संकेत | शिर्षक | दर | कैफियत |
|---|---|---|---|
| ११३१४ | भूमिकर/मालपोत | प्रति रोपनी रु ३० | जग्गाको क्षेत्रफल नजिकको अंकमा शुन्यान्तर गरी रोपनी निकाली कर रकम हिसाव गरिने |

**अनुसूची ३** घर वहाल कर

| राजस्व संकेत | शिर्षक | दर | कैफियत |
|---|---|---|---|
| ११३२१ | घरवहाल कर | वहाल रकमको १० प्रतिशत | संघीय सरकारले तोकेको दर बमोजिम |

**अनुसूची ४** व्यवसाय कर

व्यावसाय कर प्रति वर्ष निम्नानुसार हुनेछः

क. होटेल व्यवसाय करः कार्यविधि बमोजिम हुने

ख. पसल व्यापारः कार्यविधि बमोजिम हुने

ग. डिस्टीलरी उद्योगः कार्यविधि बमोजिम हुने

घ. कृषि व्यवसायः व्यावसायिक कारोवारको स्वघोषणाको आधारमा कर लिइनेछ ।

भेडा च्याङ्ग्रा प्रति गोटा रु १०।

याक प्रति गोटा रु १००।

स्याउ प्रति केजी रु १।

**अनूसूची ५** जडीवुटी कवाडी र जीवजन्तु करः संरक्षण क्षेत्र सम्वन्धी संघीय कानुन वा प्रदेश कानुन बमोजिम

**अनुसूची ६** सवारी साधन करः प्रदेश कानुन र निर्णय बमोजिम

**अनुसूची ७** विज्ञापन करः प्रदेश कानुन र निर्णय बमोजिम

क. गाउँपालिकाले विज्ञापनहरु राख्न दिने निर्णय पश्चात गाउँसभाको निर्णय बमोजिम करको दर निर्धारण हुने

ख. प्रदेश कानुन र निर्णय बमोजिम

**अनुसूची ८** मनोरञ्जन करः

क. गाउँपालिकाले मनोरञ्जनस्थल निर्माण पश्चात गाउँसभाको निर्णय बमोजिम करको दर निर्धारण हुने

ख. प्रदेश कानुन र निर्णय बमोजिम

**अनुसूची ९** वहाल विटैरी कर

Scanned by TapScanner

क. मेलामहोत्सवमा: टहरा निर्माण गरी व्यापर व्यावसाय गरे वापत वहाल रु ५०० देखि २००० सम्म (आर्थिक कारोवार स्वघोषणा समेत आधार मानी गाउँ कार्यपालिकाले यो सिमाभित्र रही तोकिदिनसक्ने)

ख गाउँपालिकाको स्वामित्वमा रहेको जग्गा वा भवन वा अन्य वहाल विटैरीमा जाने भएमा गाउँसभाको निर्णय बमोजिम हुने

**अनुसूची १०** पार्किङ शुल्कः प्रति ट्रक रु २००

प्रति जीप रु १०० (कालो नम्वर प्लेट) र २०० (अन्य नम्वर प्लेट)

प्रति ट्याक्टर रु १००।

**अनुसूची ११** ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः प्रदेश तथा संघीय कानुन र गाउँपालिकाले संरचना निर्माण गरे पश्चात गाउँसभाको निर्णय बमोजिम हुने

**अनुसूची १२** सेवा शुल्क, अन्य प्रशासनिक सेवा शुल्क र अन्य दस्तुरः

क. सेवा शुल्कः गाउँपालिकाले सो प्रकारको पूर्वाधार निर्माण गरेपश्चात

ख. अन्य प्रशासनिक सेवा शुल्क र अन्य दस्तुरःनिम्नानुसार हुनेछः

| शिर्षक | दर |
|---|---|
| सामान्य सिफारिस | रु १००। |
| आय तथा सम्पत्ती प्रमाणित, मुल्यांकन | आय रकमको ०.०५ प्रतिशत |
| | मुल्यायंकन सम्पत्तीको ०.०२५ प्रतिशत |
| अंग्रेजीमा सामान्य सिफारिस तथा प्रमाणित | रु २००। |
| चारकिल्ला सिफारिस | रु २०० |
| घरबाटो घरकायम सिफारिस | रु २०० |
| सेवा जडान सिफारिस | रु २००। |
| विवाहिता तथा अविवाहिता प्रमाणित | रु ५००। |
| हकवाला प्रमाणित | रु २००। |
| नागरिकता प्रमाणपत्र लिने सिफारिस | रु ३००। |
| नागरिकता प्रतिलिपी लिने वा सच्याउने | रु २००। |
| अंगिकृत नागरिकता सिफारिस | रु ५००। |
| नाता प्रमाणित | रु ३००। |
| व्यत्तिगत घटना दर्ता विलम्व शुल्क | ३५ दिन भित्र भए निशुल्क, ३६ औ दिन देखि ६ महिना भित्र रु १००। सो भन्दा माथि रु २००। |
| कागजात प्रतिलिपी निवेदन दस्तुर | साधारण कागजात रु ५०।<br>पञ्जिकरण सम्वन्धी प्रतिलिपी रु २००। |
| माथि उल्लेखित वाहेक अन्य प्रमाणित र सिफारिस भए | रु २००। |
| कृषक समूह समूह दर्ता र नविकरण | दर्ता रु ५०० र नविकरण रु ३०० |
| व्यावसाय दर्ता र नविकरण | दर्ता रु १०००। र नविकरण रु ५००। |
| संस्था दर्ता र नविकरण | दर्ता रु १५०० र नविकरण रु ५०० |
| साधारण निवेदन तथा परिक्षा आवेदन शुल्क | साधारण निवेदन रु १००, परिक्षा आवेदन रु २०० |
| वसोवास तथा वसाइसराइ सिफारिस | स्वदेशमा रु ३००। र विदेशमा रु १०००। |

**अनुसूची १३** पर्यटन शुल्कः प्रदेश तथा संघीय कानुन बमोजिम

Scanned by TapScanner